नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

*(राष्ट्रिय बीउ बिजन समितिको ७५औं बैठकको निर्णय नं ५.१ सँग सम्बन्धित)*

# बीउ बिजनको नमूना सङ्कलन मापदण्ड, २०८२

*स्वीकृत मिति : २०८२/११/२८*

**प्रस्तावना:-** बीउ बिजनको नमूना परीक्षणबाट प्राप्त नतिजाका आधारमा सम्पूर्ण लटको गुणस्तर यकिन गरिने हुँदा नमूना सङ्कलनको कार्य विधिपूर्वक गर्नु पर्ने र देशभर अन्तर्राष्ट्रिय रुपमा मान्य हुने खालको एउटै नमूना सङ्कलन पद्धति कार्यान्वयनमा ल्याउन आवश्यक भएकोले बीउ बिजन ऐन, २०४५ को दफा ५ को उपदफा ५.२ को कार्यान्वयन तथा दफा ८ को उपदफा ८.१ को खण्ड ८.१.२ को प्रयोजनका लागि ऐनको दफा ५ को उपदफा ५.४ र उपदफा ५.७ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय बीउ बिजन समितिले यो मापदण्ड स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो मापदण्डको नाम "बीउ बिजनको नमूना सङ्कलन मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्ड राष्ट्रिय बीउ बिजन समितिले स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा, –

(क) "ऐन" भन्नाले बीउ बिजन ऐन, २०४५ सम्झनुपर्छ ।

(ख) "कार्य नमूना/परीक्षण गर्ने नमूना" भन्नाले प्रयोगशालामा प्राप्त नमूनालाई विभिन्न किसिमका बीउ मिसाउने तथा भाग लगाउने उपकरणहरू (डिभाइडर) को प्रयोग गरी परीक्षणको लागि आवश्यक परिमाणमा तयार पारेको नमूनालाई कार्य नमूना वा परीक्षण गर्ने नमूना भनिनेछ। यसै नमूनाबाट प्रत्येक लटको गुणस्तर पत्ता लगाउन बीउ विश्लेषण गरिनेछ।

(ग) "नमूना" भन्नाले सम्पूर्ण बीउको लटलाई प्रतिनिधित्व गर्ने गरी तयार पारिएको बीउको सानो परिमाणलाई सम्झनुपर्छ ।

(घ) "नियमावली" भन्नाले बीउ बिजन नियमावली, २०८१ सम्झनुपर्छ ।

(ङ) "परीक्षणार्थ पठाइने नमूना" भन्नाले सम्मिश्रित नमूनाबाट विधिपूर्वक अनावश्यक परिमाण हटाई परीक्षणको लागि आवश्यक परिमाण मात्र राखिएको नमूनालाई परीक्षणार्थ पठाइने नमूना सम्झनुपर्छ ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

(च) "प्रयोगशाला" भन्नाले बीउ बिजन ऐन, २०४५ को दफा ९ बमोजिम स्थापना भएको बीउ बिजन प्रयोगशालालाई सम्झनुपर्छ।

(छ) "प्राथमिक नमूना" भन्नाले हरेक लटको बीउ संचय गरी राखिएको विभिन्न भाँडा (जस्तैः घ्याम्पो, भकारी, बोरा), खलियान, धन्सार, आदिको विभिन्न ठाउँ र गहिराईबाट लिइएको छुट्टाछुट्टै नमूनालाई सम्झनुपर्छ ।

(ज) "संदिग्ध नमूना" भन्नाले ऐन तथा नियमावली बमोजिम कानूनी कारवाही अगाडी बढाउनका लागि सङ्कलन गरिएको नमूना सम्झनुपर्छ ।

(झ) "सम्मिश्रित नमूना" भन्नाले एकैनासको प्राथमिक नमूनालाई एक ठाउँमा मिसाएर तयार गरिएको नमूनालाई सम्मिश्रित नमूना सम्झनुपर्छ ।

## परिच्छेद -२

## बीउ बिजनको नमूना सङ्कलन सम्बन्धी व्यवस्था

**३. नमूना सङ्कलन गर्ने प्रक्रिया:** (१) यस मापदण्ड बमोजिम नमूना सङ्कलन गर्दा देहायको प्रक्रिया अपनाउनु पर्नेछ।

(क) बीउ बिजनको नमूना लिनु पूर्व बीउ बिजनको लट विधिपूर्वक कायम भए नभएको अनुसूची-१ बमोजिम जाँच गर्नु पर्नेछ ।

(ख) बीउ बिजनको प्राथमिक नमूना लिंदा अनुसूची-२ मा उल्लेख भए अनुसारको संख्यामा सङ्कलन गर्नु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम सङ्कलन गर्ने प्रयोजनका लागि बीउ बिजन नमूना लिएको भएमा सम्बन्धित व्यक्तिलाई अनुसूची - ३ बमोजिमको सूचना दिनु पर्नेछ ।

**४. परीक्षणका लागि नमूना पठाउने प्रक्रिया:** (१) प्रयोगशालामा परीक्षणका लागि नमूना पठाउँदा देहाय बमोजिमको प्रक्रिया अपनाउनुपर्नेछ ।

(क) प्रयोगशालामा परीक्षणका लागि नमूना पठाउँदा नमूनासँगै अनुसूची -४ अनुसारको पत्र र अनुसूची -५ अनुसारको नमूना सङ्कलन विवरण फारम समेत संलग्न राख्नु पर्नेछ ।

(ख) सन्दिग्ध नमूनाको हकमा नमूनाको परीक्षण प्रतिवेदन प्राप्त नहुँदासम्म अनुसूची - ६ को ढाँचामा सो लटको बीउ बिजन बिक्री वितरण गर्न नपाइने व्यवस्था मिलाउनु पर्नेछ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
बीउ बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
बीउ बिजन समिति

**५.नमूना लिने साधनहरू र प्रयोग गर्ने तरिका:** (१) बीउ बिजनको नमूना सङ्कलन स्याम्प्लिङ्ग स्टिक (ट्रायर, प्रोव, स्लिभ टाईप ट्रायर, स्पाईरल ट्रायर आदि) वा नोब ट्रायर वा डायनामिक स्पियर वा यस्तै प्रकृतिका औजारबाट गर्नु पर्नेछ र यस किसिममा औजारहरू उपलब्ध नभएमा वा औजार सफा नभएमा, वा आपसमा टाँसिने खालको बीउको नमूना लिनु पर्ने भएमा हातले नमूना लिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम स्याम्प्लिङ्ग स्टिकबाट नमूना लिँदा बीउ भएको भाँडो या थुप्रोबाट नमूना लिन ट्रायरहरू तेर्सो वा ठाडो वा कोण पारेर घुसार्नु पर्छ । यसरी चुच्चो घुसार्दा ट्युबका प्वालहरू बन्द हुनुपर्छ भने ट्युब भित्र बीउ पस्नको लागि ट्युब घुसारी सकेपछि प्वालहरू खोल्ने तथा बन्द गर्ने गर्नुपर्छ ।

(३) उपदफा (२) अनुसार नमूना लिंदा बीउ नोक्सान नहुने किसिमले प्वालहरू बन्द गरेर मात्र ट्रायर झिक्नुपर्छ र यसरी झिकेको प्राथमिक नमूनालाई छुट्टाछुट्टै राख्नुपर्छ ।

(४) स्याम्प्लिङ्ग स्टिकबाट नमूना लिनु अघि र पछि स्याम्पलिङ्ग स्टिक राम्रोसँग सफा गर्नुपर्छ।

(५) उपदफा (१) बमोजिम नोब ट्रायर वा डायनामिक स्पियरबाट नमूना लिदा स्पियरको प्वाललाई तलतिर पारी ३० डिग्रीको कोण बनाई बोरामा घुसार्नुपर्छ र भित्री भागमा पुगी सकेपछि १८० डिग्रीको कोणमा घुमाएर प्वालबाट बीउ छिरी खोक्रो ट्युब हुँदै ह्यान्डलमा भएको प्वालबाट भाँडोमा खस्ने गरी प्वाल भएको भागलाई माथितिर फर्काउनुपर्छ ।

(६) उपदफा (१) बमोजिम हातले नमूना लिँदा हातको औंला टम्म पारी बोरा वा भाँडाभित्र घुसार्ने र मुठ्ठी कसेर नमूना लिने र मुठ्ठी कस्सिएकै अवस्थामा बीउ नखसालिकन बाहिर निकाल्नु पर्दछ र यदि हातले नभ्याउने भाँडा छ भने बीउलाई खन्याएर समेत नमूना लिन सकिन्छ ।

(७) उपदफा (१) बमोजिम स्याम्पलिङ्ग स्टिक तथा नोब ट्रायर वा डायनामिक स्पियरको सामान्य जानकारी तथा विशेषता अनुसूची - ७ मा दिईएको छ ।

**६. नमूना लिने तथा तयार गर्ने विधि:** (१) प्राथमिक नमूना लिने तरिका देहाय बमोजिम हुनेछ ।

(क) बीउ सञ्चय गरेको कुनै पनि भाँडो, बोरा वा थुप्रो/रासबाट प्राथमिक नमूना लिँदा प्रत्येक ठाउँबाट उत्तिकै परिमाणमा बीउ झिक्नुपर्छ ।

(ख) बोरा वा अन्य भाँडोमा सञ्चय गरेको बीउको लटबाट नमूना लिँदा बोरा वा भाँडो विना भेदभाव प्राथमिक नमूनाहरू झिक्नुपर्छ ।

(ग) खलियान, धन्सार, भकारी, आदिबाट बीउको नमूना झिक्दा विभिन्न ठाउँ तथा गहिराईबाट ट्रायर वा हातले प्राथमिक नमूना झिक्नुपर्छ ।

(घ) प्रशोधनको बेला नमूना लिँदा बीउ नउछिट्टिने गरी थापिएको भाँडोमा झर्दै गरेको बीउ नमूनाको रुपमा लिनुपर्छ । एक नमूना पछि अर्को नमूना झिक्ने समयको अन्तर एउटै पार्नु पर्छ । हरेक प्राथमिक नमूनामा उत्तिकै परिमाणमा बीउ झिक्नुपर्छ।

(ङ) हरेक प्राथमिक नमूना निकाली सकेपछि राम्रोसँग अध्ययन वा जाँच गर्नुपर्छ । यस्तो जाँचमा प्राथमिक नमूनाको रंग वा अन्य कुराहरू फरक देखिएमा त्यस्ता नमूनालाई छुट्टै पोका पारी परीक्षणको लागि बीउ परीक्षण प्रयोगशालामा पठाउनुपर्छ। नमूना लिंदा शंका लागेको बीउको भाँडो कैफियत जनाई छुट्टै राख्नुपर्छ। यसरी परीक्षण गर्दा गुणस्तर फरक पाइएको खण्डमा त्यस्तो नमूना निकालिएको बीउका बोरा वा भाँडोहरूलाई सो लटबाट हटाउनु पर्ने हुन्छ ।

(च) मसिनो बीउ सानो तथा चिस्यान नछिर्ने भाँडोमा सञ्चय गर्नु पर्ने अवस्थामा बीउको भाँडो बन्द गर्नु अगावै नमूना लिनुपर्छ । अन्यथा, धेरै भाँडा छेड्नु वा प्वाल पार्नुपर्ने हुन्छ । प्वाल नै पारेर नमूना झिकेको खण्डमा त्यसरी परेको प्वाललाई मजबुतसँग बन्द गर्नुपर्छ वा अर्को भाँडोमा खन्याई बन्द गर्नुपर्छ । यदि बीउ प्लास्टिक लेमिनेटेड ब्यागमा राखी सिल गरिसकेको छ भने बोराको मुख खोल्न लगाई नमूना लिएपछि मुख बन्द गर्ने वा अर्कै थैलामा खन्याउने गर्नुपर्छ ।

(छ) एक आपसमा टाँसिने वा राम्रोसँग सफा नभएको बीउ छ भने हातले प्राथमिक नमूना लिनुपर्छ ।

(२) सम्मिश्रित तथा परीक्षणार्थ पठाइने नमूना तयार गर्ने तरिका देहाय बमोजिम हुनेछ ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

(क) उपदफा (१) मा उल्लिखित तरिका बमोजिम बीउको एउटा लटबाट झिकेका प्राथमिक नमूनाहरू एकनासका देखिन्छन् भने एकै ठाँउमा थुपारेर सम्मिश्रित नमूना बनाउनु पर्छ।

(ख) परीक्षणार्थ पठाइने नमूना तयार गर्नु अघि सम्मिश्रित नमूनालाई राम्ररी मिसाउनु पर्छ। मेकानिकल डिभाइडर उपलब्ध छ भने मिसाउने र भाग लगाउने काम एकसाथ गर्न सकिन्छ । परीक्षणार्थ पठाइने नमूनाको तौल तोकिए बमोजिम वा सो भन्दा केही बढी हुन सक्छ । मेकानिकल डिभाइडरमा भाग लगाउने कार्य तबसम्म जारी राख्नुपर्छ जबसम्म एक भागमा आफूलाई आवश्यक परेको जति वा सो भन्दा केही बढी बीउ आउँछ । मेकानिकल डिभाइडरको अभावमा रैण्डम कप वा स्पुन मेथड वा मोडिफाईड हेन्ड हाल्भिङ्ग मेथडबाट पनि परीक्षणार्थ पठाइने नमूना तयार गर्न सकिन्छ।

(ग) खण्ड (क) र (ख) मा उल्लिखित साधनहरूको अभावमा सम्मिश्रित नमूनालाई आधा आधा भागमा विभाजन गर्ने र मिसाउने तरिकाबाट पनि परीक्षणार्थ पठाईने नमूना तयार गर्न सकिन्छ । यस तरिकामा सर्वप्रथम सम्मिश्रित नमूनालाई दुई भाग, अनि चार भाग, आठ भाग, र सकिन्छ भने सोह्र भागमा बिभाजन गर्नुपर्छ । अब एक भाग लिने र अर्को भाग हटाउने गर्दै गई कूल परिमाणलाई आधा आधा बनाउनु पर्नेछ । नमूनाको तौल आफूलाई चाहिने जति नहुँदासम्म यो प्रक्रिया निरन्तर जारी राख्नु पर्नेछ ।

(घ) परीक्षणार्थ पठाइने नमूना तयार भैसकेपछि त्यसलाई एकापट्टि पठाउनेको नाम ठेगाना तथा अर्कोपट्टि बीउ प्राप्त गर्ने प्रयोगशालाको नाम ठेगाना लेखिएको कपडाको थैलोमा प्याक गरी अनुसूची - ५ मा दिइएको नमूना विवरण फाराम भरी नमूनासँगै बीउ बिजन परीक्षण प्रयोगशालामा तत्काल पठाउनु पर्नेछ ।

(३) संदिग्ध नमूना तयार गर्ने तरिका देहाय बमोजिम हुनेछ।

(क) संदिग्ध बीउको नमूना सङ्कलन ऐनको दफा १६ को उपदफा १६.१ बमोजिम नियुक्त भई नियमावलीको नियम २८ को उपनियम (१) बमोजिमको बीउ बिजन निरीक्षकले मात्र गर्नु पर्नेछ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

(ख) परीक्षणार्थ पठाइने नमूना तयार गर्दा सम्मिश्रित नमूनालाई तीन बराबर भागमा विभाजन गरी तीनवटा उपनमूनाहरू तयार गर्नु पर्नेछ ।

(ग) यसरी विभाजन गरिएको प्रत्येक उपनमूनाको तौल अन्य अवस्थामा बनाइएको परीक्षणार्थ पठाइने नमूनाको लागि तोकिए बमोजिम हुनुपर्छ र निर्धारित विधि वा ढाँचा बमोजिम बीउको प्रत्येक नमूनालाई कपडाको थैलामा बन्द गरी सिलबन्दी गर्नु पर्नेछ ।

(घ) यसरी तयार गरिएको तीनवटा उपनमूनाहरू मध्ये एउटा सम्बन्धित व्यक्ति र दोस्रो उपनमूना ऐनको दफा ९ को उपदफा (१) बमोजिमको प्रयोगशाला वा केन्द्रीय कृषि प्रयोगशाला वा केन्द्रमा बीउ उपलब्ध गराउनु पर्नेछ भने तेस्रो उपनमूना बीउ बिजन निरीक्षकले नै आफैं वा सम्बन्धित जिल्लाको कृषि विषय हेर्ने कार्यालय वा केन्द्रीय कृषि प्रयोगशाला वा प्रदेश सरकार मातहतको बीउ बिजन परीक्षण सम्बन्धी कार्य गर्ने निकायमा राख्नु पर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिमका उपनमूनाहरू पोको पारिएको कपडाको थैलामा लाहाछाप लगाउनु पर्नेछ।

७. **नमूना सङ्कलनको लागि आवश्यक पर्ने सामग्रीहरू:** नमूना सङ्कलनका लागि बीउ बिजन निरीक्षकसँग ट्रायर, नमूना लिने कपडा/प्लाष्टिकको झोलाहरू, सम्मिश्रित नमूना बनाउन चाहिने भाँडो, चिस्यान परीक्षणको लागि नमूना राख्न कम्तीमा २५० गेजको प्लाष्टिकको झोला, सिलबन्दी गर्न आवश्यक सामानहरू, संकेतपत्र, स्टाप्लर, नमूना विवरण फाराम, लेन्स, नमूना लिने विधि, रबर व्याण्ड, मार्कर पेन, पेन्सिल आदि सामग्रीहरू हुनुपर्छ।

८. **बीउको नमूना पोका पार्ने, बाँध्ने र सिलबन्दी गर्ने तरिका:** परीक्षणार्थ पठाईने नमूना तयार हुनासाँथ निम्न तरिका अवलम्वन गरी नमूनालाई पोका पार्ने, बाँध्ने र सिलबन्दी गर्नु पर्नेछ ।

(१) यदि बीउको शुद्धता, उमारशक्ति, ओजस, जीवितपना तथा स्वास्थ्य परीक्षण गर्ने हो भने नमूनालाई कपडाको थैलामा प्याक गरी प्रयोगशालामा पठाउनु पर्नेछ।

(२) यसरी तयार पारेको नमूनालाई बाक्लो कपडाको झोलाभित्र राखी मुख राम्रोसँग सिलाइ दिनु पर्नेछ।

(३) बीउमा चिस्यान कम रहेको र बीउलाई परीक्षण अगाडि वातानुकुलित अवस्थामा भण्डारण गर्न सकिने निश्चित भए बीउको नमूनालाई प्लाष्टिकको थैलामा पनि पठाउन सकिनेछ ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
... समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
... बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

(४) उपदफा (३) बमोजिम तयार पारेको पोकामा सिलाई गरेको मुख्य दुई ठाउँहरूमा आवश्यकता अनुसार धागो छोप्ने गरी लाहाछाप लगाई सिलबन्दी गर्नु पर्नेछ ।लाहाछापको चिन्ह प्रष्ट देखिने हुनु पर्नेछ ।यसरी तयार पारेको पोकाको एकापट्टि प्राप्त गर्ने कार्यालयको पूरा नाम ठेगाना लेख्ने र अर्कोपट्टि पठाउनेको नाम,ठेगाना लेखी हुलाकद्वारा वा कुनै ब्यक्ति हस्ते पठाउन सकिनेछ ।

(५) चिस्यान परीक्षणको लागि छुट्टै नमूना पठाउनु पर्नेछ । चिस्यान परीक्षणको लागि पठाइने नमूनाको दाना पिस्नु पर्ने भए कम्तिमा १०० ग्राम र पिस्नु नपर्ने भए कम्तिमा ५० ग्राम पठाउनु पर्नेछ।

(६) चिस्यान परीक्षणको लागि पठाउने नमूनालाई २५० गेजको बाक्लो प्लाष्टिकको थैलामा राखी मुख सिलर वा बत्तीको सहयोगद्वारा चिस्यान नछिर्ने गरी बन्द गर्नु पर्नेछ ।

९.**प्रयोगशालामा कार्य नमूना बनाउने तरिका:** (१) प्रयोगशालामा बीउ बिजनको कार्य नमूना लिने काम बीउ बिजन विश्लेषकको रोहवरमा गर्नु पर्नेछ।कार्य नमूना लिई बाँकी रहेको बीउ प्रतिरक्षाको लागि गार्ड स्याम्पलको रूपमा भण्डारण गरेर राख्नु पर्नेछ ।

(२) प्रयोगशालामा कार्य नमूना बनाउन विभिन्न किसिमका बीउ मिसाउने तथा भाग लगाउने उपकरणहरू प्रयोग गर्न सकिन्छ ।

(३) उपकरणलाई खोली प्रयोग अघि र पछि हावाको मुस्लोको प्रयोग गरेर सफा गर्नु पर्नेछ।

(४) प्रयोगशालामा परीक्षणको लागि पठाइएको नमूनालाई एकनासको बनाउन दुई देखि तीन पटकसम्म मिसाउनु पर्नेछ ।

(५) त्यसपछि प्रत्येक पटक नमूनालाई उपकरणको सहायताबाट आधा आधा बनाउँदै कार्य नमूना तयार पार्न एक भाग लिने अर्को भागलाई हटाउने काम गर्नुपर्छ । अनुसूची - ८ मा तोकिएको भन्दा केही हल्का बढी तौलमा कार्य नमूना प्राप्त नभइन्जेलसम्म माथि उल्लेख गरिएको प्रक्रियालाई दोहोर्‍याउँदै जानु पर्छ ।

(६) कार्य नमूना तयार गर्दा दफा १० मा उल्लिखित तरिकाहरू मध्ये कुनै एकको अवलम्बन गर्न सकिन्छ ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

१०. **कार्य नमूना तयार गर्न प्रयोग गरिने उपकरणहरू र प्रयोग गर्ने तरिकाः** कार्य नमूना तयार गर्न प्रयोग गरिने उपकरणहरू र प्रयोग गर्ने तरिका देहाय बमोजिम हुनेछः

**(१) यान्त्रिक विभाजन तरिकाः** टाँसिने प्रकृतिका बीउहरू बोरामा, नमूना लिन प्रयोग गरिने उपकरणमा तथा औजारहरूमा एकआपसमा टाँसिने भएकाले यस्ता प्रकृतिका बीउहरूलाई सफा गर्न, मिसाउन, र नमूना लिन अति कठिन हुन्छ । यस्ता उपकरणहरूले सामान्यतया टाँसिने प्रकृतिको बीउका नमूनालाई करिव दुई भागमा विभाजन गर्दछ ।

(क) **कोनिकल (बोइनर टाइप) डिभाइडर :-**

(अ) यसमा एउटा बीउ खन्याउने होपर, गेट भल्भ र धेरै साँघुरा खण्डहरू हुन्छन्, जसबाट बीउ उपकरणमा जडान भएको दुईवटा टुटीमार्फत तल थापिएको दुईवटा अलग अलग नमूना जम्मा हुने भाँडाहरूमा जम्मा हुन्छ ।

(आ) ४४ (२२ वटा च्यानेल र २२ वटा खाली ठाउँ) वटा प्वाल भएको सानो उपकरण गहुँ तथा धान भन्दा सानो आकारको बीउहरूलाई उपयुक्त हुन्छ ।

(इ) ३८ (१९ वटा च्यानेल र १९ वटा खाली ठाउँ) वटा प्वाल भएको ठूलो उपकरण गहुँ तथा धानभन्दा ठूलो आकारको बीउहरूलाई मिसाउन तथा भाग लगाउनको लागि उपयुक्त हुन्छ ।

(ई) उपकरणको प्रयोग गर्दा बीउ खस्ने दुबै टुटीहरूमा नमूनाको बीउ जम्मा हुने भाँडा राख्ने ।

(उ) उपकरणको भल्भ अथवा गेट बन्द छ छैन जाँच गर्ने ।

(ऊ) प्रयोगशालामा परीक्षणको लागि प्राप्त नमूनालाई होपरमा खन्याउने ।

(ए) भल्भ अथवा गेटबाट झरेको बीउ पुनः होपरमा खन्याई आधा आधा गर्दै जाने। तोकिएको भन्दा केही हल्का बढी तौलमा कार्य नमूना प्राप्त भए पछि यो कार्य बन्द गर्ने।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

(ख) सेन्ट्रीफ्यूगल (ग्यामेट टाइप) डिभाइडर :-

(अ) कार्य नमूना तयार गर्न उपकरणको होपरमा बीउ राखी स्वीच अन गर्ने।

(आ) होपरबाट बीउ अत्यन्त तीव्र गतिमा घुमिरहेको डिस्कमा खस्छ। उपकरणमा सृजना भएको सेन्ट्रीफ्यूगल वलको कारणले बीउ मिसिँदै दुई भागमा विभाजित भई नमूनाको बीउ जम्मा हुने भाँडामा जम्मा हुन्छ ।

(इ) यसपछिको प्रक्रिया माथि कोनिकल डिभाइडरमा उल्लेख गरेजस्तै अपनाउनु पर्छ।

(ई) यो बीउ मिसाउने तथा भाग लगाउने उपकरणको प्रयोग गर्दा जहिले पनि उपकरणमा रहेको मिलाउन मिल्ने खुट्टाको सहायताले उपकरणलाई चारैतिर नढल्कने गरी लेवल मिलाएर राख्नुपर्छ । अन्यथा यसबाट भरपर्दो तथा विश्वासिलो कार्य नमूना प्राप्त गर्न कठिन हुन्छ ।

(उ) यो विधि मसिना दाना भएका बीउका लागि उपयोग गरिन्छ ।

(ग) स्वाइल टाइप डिभाइडर :-

(अ) बीउ मिसाउने तथा भाग लगाउने तरिका कोनिकल डिभाइडरको जस्तै हो ।

(आ) यस उपकरणमा एउटा होपर, लाइनमा रहेका च्यानेल अथवा डक्ट, दुईवटा बीउ जम्मा हुने भाँडा र बीउ खन्याउन विभिन्न आकारका भाँडा हुन्छन् ।

(इ) होपरमा १८ वटा जोडिएका च्यानेल हुन्छन् । यी च्यानेलहरू सीधा लाइनमा रहेका हुन्छन् ।

(ई) होपरमा बीउ खन्याउँदा एकनासले च्यानेलको पुरै लम्बाईमा पर्ने गरी खन्याउनु पर्छ ।

(उ) यो उपकरण टाँसिने तथा अन्य सबै प्रकारका बीउलाई उपयुक्त मानिन्छ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

(घ) हातले आधा गर्ने तरिका:-

(अ) यो तरिका सबै प्रकारका बीउलाई उपयुक्त मानिन्छ ।

(आ) यस विधिमा नमूनालाई हातले दुई भागमा बाँडिन्छ र हरेक भागलाई पुनः दुई भागमा बाँडी चार खण्ड बनाईन्छ । प्रत्येक खण्डलाई पुनः दुई भाग गर्दा यस्ता ८ वटा स-साना भागहरूमा विभाजित हुन्छ ।

(इ) यसरी तयार पारेको ८ भागलाई अक्रमबद्ध ढंगबाट एक भाग लिने र एक भाग छोड्दै जाने । यसरी एक पटकमा जम्मा ४ वटा भागहरू बाँकी रहन्छन्।

(ई) त्यसपछि प्रत्येक पटक नमूनालाई घटाउँदै लान माथि उल्लेख गरिएको प्रक्रियालाई दोहोर्याउने ।

(उ) नियमानुसार तोकिएको भन्दा हल्का केही बढी तौलमा कार्य नमूना प्राप्त भए पछि यो कार्य बन्द गर्ने ।

(ङ) हातले आधा गर्ने सुधारिएको तरिका:-

(अ) यो तरिकामा हात र उपकरणको प्रयोग गरिन्छ ।

(आ) उपकरणमा एउटा ट्रे भित्र ग्रिड जडान गरिएको हुन्छ जसमा उत्तिकै नाप र आकारको क्यूबिक सेल हुन्छन् । उपकरणको माथिको भाग खुला हुन्छ भने तलको पिंध कुनै खुला कुनै बन्द रहेका हुन्छन् ।

(इ) नमूनालाई राम्रोसँग मिसाई सकेपछि बीउलाई ग्रिड माथि एकनासले पर्ने गरी खसालिन्छ ।

(ई) जब ग्रिडलाई उचालिन्छ बीउको आधा भाग उपकरणमा रहन्छ भने आधा भाग ट्रेमा खस्छ ।

(उ)प्रत्येक पटक नमूनालाई घटाउँदै लान माथि उल्लेख गरिएको प्रक्रियालाई दोहोर्याउँदै जानु पर्छ ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

(ऊ) नियमअनुसार तोकिएको भन्दा हल्का केही बढी तौलमा कार्य नमूना प्राप्त नभइन्जेलसम्म यो प्रक्रियालाई निरन्तरता दिनु पर्छ ।

**(च) चम्चाको प्रयोग गर्न तरिका:-**

(अ) चम्चाको प्रयोग केवल नटाँसिने सिंगल सिडेड स्पेसिसको लागि मात्र सिफारिस गरिएको छ ।

(आ) बीउको स्वास्थ्य परीक्षणको लागि कार्य नमूना बनाउन यो विधि उपयुक्त मानिन्छ ।

(इ) यो तरिकाको लागि ट्रे, स्पाचुला र चम्चाको आवश्यकता पर्छ ।

(ई) नमूनालाई ट्रेमा राखेर राम्रोसँग मिसाई सकेपछि ट्रेलाई फेरी हल्लाउनु हुँदैन।

(उ) स्पाचुलालाई एक हातमा र चम्चालाई अर्को हातमा समात्ने र दुबैको प्रयोग गरेर ट्रेको कम्तिमा ५ ठाउँबाट अक्रमबद्ध ढंगबाट प्राथमिक नमूनाहरू लिने।

(ऊ) नियमअनुसार तोकिएको तौलभन्दा हल्का केही बढी तौलमा कार्य नमूना प्राप्त नभइन्जेलसम्म माथि उल्लेख गरिएको प्रक्रियालाई निरन्तरता दिनु पर्छ।

११. **कार्य नमूनाको तौल:-** प्रयोगशालामा परीक्षणको लागि तयार गरिने कार्य नमूनाको न्यूनतम् तौल अनुसूची - ८ मा उल्लेख भए बमोजिम हुनेछ, तर यस्तो नमूनाको तौल एक हजार ग्रामभन्दा बढी हुनु हुँदैन । एउटा कार्य नमूनामा सरदर दुई हजार पाँच सय बीउहरू हुनेछन् ।

१२. **प्रयोगशालामा नमूनाको भण्डारण :-** बीउ परीक्षण र नमूना लिएको समयको अन्तराललाई सकेसम्म कम गर्न छिटोभन्दा छिटो नमूना परीक्षण गर्नुपर्छ । कुनै कारणवस परीक्षण कार्य ढिला हुने भएमा चिस्यान परीक्षण गर्नु पर्ने बाहेकका अन्य नमूनाहरूलाई हावादार शीतल कोठामा भण्डारण गरी राख्नुपर्छ ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
बीउ बिजन समिति

सचिव
राजेन्द्र प्रसाद मिश्र

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

परीक्षण पश्चात बाँकी रहेको बीउको नमूना (Guard Sample) लाई कम्तिमा एक बर्षसम्म गुणस्तरमा कुनै असर नपर्ने गरी वातानुकुलित भण्डारमा सुरक्षित साथ राख्नुपर्छ।

१३. **नमूना लिँदा ध्यान दिनु पर्ने विशेष कुराहरूः-** (१) बीउ बिजनको नमूना सङ्कलन कार्य निरीक्षकले मात्र गर्नु पर्दछ ।

(२) निरीक्षकले बीउ गोदामको जुनसुकै ठाउँबाट नमूना लिन सक्ने गरी बोराहरू चाङ लगाइएको हुनुपर्छ । यदि बीउका बोराहरू ब्यवस्थित तरिकाले राखिएका छैनन् भने ब्यवस्थित तरिकाले राख्न लगाएर मात्र नमूना लिनुपर्छ ।

(३) निरीक्षकले नमूना लिनु अगाडि बीउको लट, प्रत्येक लटको सङ्केत, बीउको परिमाण अनुसार बोराको संख्या सम्बन्धमा पूर्ण जानकारी लिएर सम्पूर्ण लटको प्रतिनिधित्व गर्न सक्ने खालको नमूना लिनुपर्छ ।

(४) निरीक्षकले सम्भव भएसम्म नमूना सङ्कलन स्थलमा नै बीउको चिस्यान परीक्षण गर्नुपर्छ । बीउमा चिस्यान बढी भएको पाइएमा तुरुन्त सुकाउने सुझाव दिनु पर्छ । नमूना सङ्कलन स्थलमा चिस्यान जाँच्न नमिल्ने भए वा परीक्षण गर्ने उपकरण नभए तुरुन्त नियम अनुसारको परिमाणमा नमूना तयार गरी चिस्यान नछिर्ने भाँडामा सील गरेर प्रयोगशालामा चिस्यान परीक्षण गर्न पठाउनुपर्छ ।

(५) बोरामा ट्रायर घुसार्दा बन्ने प्वाललाई ट्रायरको चुच्चोले बोराको धागो तलमाथि दायाँ बायाँ सारी बन्द गरी दिनु पर्छ । प्लाष्टिकको भित्री भएको बोराको हकमा मुख खोलेर नमूना झिक्नुपर्छ । यदि मुख नखोलिकन नमूना झिकेको खण्डमा ट्रायर घुसार्दा बनेको प्वाललाई कडा टेपले टाली दिनु पर्छ ।

**१४.मापदण्डमा संशोधन र खारेजीः-** (१) समितिले आवश्यकता अनुसार यस मापदण्डमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

अनुसूची -१

(दफा ३ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

## लट बनाउने तथा लट नम्बर राख्ने तरिका

१. **बीउको लटः** भौतिक एवम् अन्य गुणहरू समान रहेको तथा विशेष संकेतबाट छुट्याउन सकिने निश्चित परिमाणको बीउलाई बीउको लट भनिन्छ । बीउको लट बनाउँदा एकै कृषकको एउटै प्लटमा वा एकै खेतबारीको विभिन्न प्लटहरूमा वा एकै ठाँउको एकै किसिमको जलवायु भएको स्थानका विभिन्न बीउ उत्पादकहरूले उत्पादन गरेको एकै प्रकारको बाली, जात, स्तर, र गुणस्तर भएको बीउको परिमाणलाई आवश्यकता अनुसार मिसाएर लट बनाउन सकिन्छ । लट बनाउँदा एउटा बीउ उत्पादकको एउटा लट बनाउन सकेमा बीउको गुणस्तरमा एकरूपता कायम गर्न सजिलो हुन्छ । एकभन्दा बढी कृषकहरूले उत्पादन गरेको बीउ एक ठाउँमा मिसाई लट बनाउँदा निम्न कुराहरूमा विशेष ध्यान दिनु पर्छ ।

- एकै जलवायु र एकै समयमा उत्पादन गरेको ।
- बाली, जात र स्तर समान भएको
- भौतिक गुण र चिस्यानमा समानता भएको ।
- बीउको उमारशक्ति ५ प्रतिशतभन्दा फरक नभएको ।

बीउको एउटा लटलाई अन्य लटसंग छुट्याउन विशेष प्रकारको संकेत नम्बर वा लट नम्बर दिनु पर्छ। लट नम्बर राख्ने विधि तल वर्णन गरिएको छ ।

२. **बीउ लटको संकेत नम्बर राख्ने विधिः** नेपालमा उत्पादित बीउको लट नम्बरमा चार भाग हुन्छन् । लट नम्बरमा लेखिएको पहिलो भागले उत्पादन भएको महिना र वर्ष, दोश्रो भागले उत्पादन गरेको जिल्ला, तेश्रो भागले प्रशोधन कारखानाको संकेत नम्बर र चौथो भागले उत्पादकको संकेत नम्बर जनाउँछ । लट संख्याको चारै भागलाई (-)-चिन्ह राखी छुट्याउनु पर्छ ।

(१) **पहिलो भागः** पहिलो भागले महिनाको साङ्केतिक शब्द र बर्षको साङ्केतिक अङ्कलाई जनाउँछ । यो भागले कुन वर्षको कुन महिनामा उक्त बाली काटिएको थियो भन्ने बुझाउँछ । महिनाको छोटकरी रुप असार बाहेक अन्य महिनाको सुरुको एक अक्षर हुन्छ भने असारको “असा” लेख्ने गरिन्छ । बर्षको लागि अन्तिमका दुई अङ्क लेख्ने गरिन्छ । जस्तै ८२ भन्नाले २०८२ साल भन्ने जनाउँछ । महिनाको छोटकरी रुप निम्न अनुसार हुनेछ ।

| महिना | छोटकरी रुप | महिना | छोटकरी रुप |
|---|---|---|---|
| बैशाख | बै | कार्तिक | का |
| जेष्ठ | जे | मंसिर | मं |
| असार | असा | पूष | पू |
| श्रावण | श्रा | माघ | मा |
| भाद्र | भा | फाल्गुण | फा |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

| | | | |
|---|---|---|---|
| असोज | अ | चैत्र | चै |

**(२) दोश्रो भाग :** महिना र वर्ष पछिको भागले उत्पादन भएको जिल्लालाई जनाउँछ । यस भागमा कुनै जिल्लाको सुरुको अक्षर लिइएको छ भने कुनै जिल्लाको पूरै नाम नै राखिएको छ । जिल्लाको छोटकरी रुप निम्नानुसार हुनेछ ।

| जिल्ला | छोटकरी रुप | जिल्ला | छोटकरी रुप |
|---|---|---|---|
| ताप्लेजुंग | ता | सोलखुम्बु | सो |
| इलाम | इ | खोटाङ | खो |
| संखुवासभा | सं | ओखलढुंगा | ओ |
| तेह्रथुम | ते | उदयपुर | उ |
| पाँचथर | पाँ | सप्तरी | सप्त |
| झापा | झा | सिरहा | सिर |
| पाल्पा | पा | दोलखा | दो |
| गुल्मी | गु | रामेछाप | रा |
| धनकुटा | धन | सिन्धुली | सिन्धुली |
| भोजपुर | भो | महोत्तरी | महो |
| सुनसरी | सुन्स | सर्लाही | सर्ला |
| मोरंग | मो | धनुषा | ध |
| रसुवा | र | नुवाकोट | नु |
| सिन्धुपाल्चोक | सि | भक्तपुर | भ |
| काठमांण्डौ | काठ | ललितपुर | ललि |
| बारा | बारा | धादिङ | धा |
| अर्घाखांची | अर्घां | पर्सा | पर्सा |
| कपिलबस्तु | क | नवलपरासी | नवलप |
| नवलपरासी (ब सु पू) | नवलब | | |
| दाङ | दाङ | रुकुम पूर्व | रुकुपू |
| रुकुम पश्चिम | रुकुप | | |
| दैलेख | दै | सल्यान | सल्या |
| बाँके | बाँ | सुर्खेत | सुर्खे |
| मुगु | मुगु | बर्दिया | बर्दि |
| हुम्ला | हु | कालीकोट | काली |
| अछाम | अछा | बझांग | बझा |
| दार्चुला | दार्चु | बाजुरा | बाजु |
| गोरखा | गो | डडेलधुरा | ड |

...प्रसाद प्रसाई    ...जेन्द्र प्रसाद मिश्र

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

| | | | |
|---|---|---|---|
| तनहुं | त | मनाङ | मना |
| बैतडी | बै | लमजुंग | लम |
| बाग्लुङ्ग | बाग | कंचनपुर | कं |
| म्याग्दी | म्या | काभ्रेपलाञ्चोक | काभ्रे |
| चितवन | चि | मकवानपुर | मक |
| रुपन्देही | रुप | रोल्पा | रो |
| प्यूठान | प्यु | जाजरकोट | जा |
| डोल्पा | डोल्पा | जुम्ला | जु |
| डोटी | डोटी | कैलाली | कै |
| रौतहट | रौ | कास्की | कास्की |
| स्याङजा | स्या | पर्वत | पर्व |
| मुस्ताङ | मुस्ता | | |

(३) **तेश्रो भागः** तेश्रो भागमा अंक लेखिन्छ र त्यसले बीउ प्रशोधन गरेको र संकेतपत्र लगाएको कारखाना वा स्थानलाई जनाउँछ । यस भागमा केन्द्रले उपलब्ध गराएको प्रशोधन कारखाना नम्बर उल्लेख गर्नु पर्दछ ।

(४) **चौथो भागः** यो भागले बीउ उत्पादकको संकेत जनाउँछ । बीउ उत्पादकको संकेत अङ्कमा राख्ने गरिन्छ । यदि कुनै बीउ उत्पादकले एक लटमा राख्न सकिने निर्धारित परिमाणभन्दा बढी उत्पादन गरेको रहेछ भने त्यस्तो बीउलाई एक भन्दा बढी लट बनाउनुपर्छ । यस्तो अवस्थामा उत्पादकको संकेत नम्बर उही राख्नुपर्छ, तर संख्याको छेउमा कोष्ठ भित्र रोमन अंकमा (I ), (II ), (III) लेख्दै जानु पर्छ ।

उदाहरणका लागि लट नम्बर बै८२-रूप-१३-०२ लेखिएको रहेछ भने त्यसले निम्न कुराहरू जनाउँछ।

बै ८२ -२०८२ सालमा उत्पादन भई बैशाख महिनामा बाली काटिएको वा भण्डारण गरिएको

रुप - रुपन्देही जिल्लामा उत्पादन भएको

१३ - लुम्बिनी सिड कं. को बीउ प्रशोधन कारखानामा प्रशोधन एवम् ब्यागिङ (बोराबन्दी) भएको

०२ -बीउ उत्पादकको संकेत नम्बर

नोट :- बीउ प्रशोधन, प्रशोधन कारखानाबाट नभई अन्य तरिकाबाट भएको भए सो बापतको प्रशोधन गर्नेको नाम र ठेगाना छोटो रुपमा लेख्ने ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

## अनुसूची -२

(दफा ३ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

**बीउको लट तथा भाँडोको क्षमता अनुसार प्राथमिक नमूना संख्या**

(१) **थुप्रो, धन्सार, खलियान, तथा प्रशोधन कारखाना** (१०० के.जी.भन्दा बढीको थैला वा भाँडा समेत) मा थुपारेको बीउको लटबाट लिईने प्राथमिक नमूनाको न्यूनतम संख्या निम्नानुसार हुनुपर्छ ।

| लटमा भएको बीउको परिमाण | न्यूनतम प्राथमिक नमूना संख्या |
|---|---|
| ५०० के.जी.सम्म | कम्तिमा ५ प्राथमिक नमूना |
| ५०१ देखि ३,००० के.जी.सम्म | प्रत्येक ३०० के.जी.मा १ तर कम्तिमा ५ वटा |
| ३,००१ देखि २०,००० के.जी.सम्म | प्रत्येक ५०० के.जी.मा १ वटा तर कम्तिमा १० वटा |
| २०,००१ के.जी.देखि माथि | प्रत्येक ७०० के.जी.मा १ वटा तर कम्तिमा ४० वटा |

(२) **बोराः** १५ देखि १०० के.जी.सम्म तौल भएको बोरा वा अन्य भाँडोमा राखेको बीउको लटबाट लिइने प्राथमिक नमूनाको न्यूनतम संख्या निम्नानुसार हुनुपर्छ ।

| प्रत्येक लटमा बीउ राखेको भाँडोको संख्या | न्यूनतम प्राथमिक नमूना संख्या |
|---|---|
| १ देखि ४ भाँडोमा | प्रत्येक भाँडोबाट ३ प्राथमिक नमूना |
| ५ देखि ८ भाँडोमा | प्रत्येक भाँडोबाट २ प्राथमिक नमूना |
| ९ देखि १५ भाँडोमा | प्रत्येक भाँडोबाट १ प्राथमिक नमूना |
| १६ देखि ३० भाँडोमा | कूल १५ प्राथमिक नमूनाहरू |
| ३१ देखि ५९ भाँडोमा | कूल २० प्राथमिक नमूनाहरू |
| ६० वा सोभन्दा बढी भाँडोमा | कूल ३० प्राथमिक नमूनाहरू |

(३) **साना प्याकेटः** बीउलाई सानो कागजको खाम, अरू किसिमको सानो पाकेट, थैला वा बट्टामा प्याक गरिएको अवस्थामा (भाँडाको क्षमता १५ के.जी.भन्दा कम भएमा) सबै भाँडामा रहेको बीउको परिमाणलाई जोड्नुपर्छ । उक्त जोडेर आएको परिमाणलाई प्रति १०० के.जी. बराबर एक भाँडो मानी उपदफा (२) मा उल्लेख गरिए बमोजिमको संख्यामा प्याकेट नै प्राथमिक नमूनाको रुपमा लिनुपर्छ । यसरी

प्रसाई

सचिव
राजेन्द्र प्रसाद मिश्र

लिइएका प्याकेटहरूको अक्रमबद्ध ढङ्गले (Randomly) मुख खोली नमूना लिने साधन वा हात प्रयोग गरेर आवश्यक परिमाणमा नमूना झिक्नुपर्छ । यदि बीउको बिक्री वितरण तौलको आधारमा नभई संख्याको आधारमा गरिन्छ भने प्याकेटमा उल्लेख गरिएको संख्यालाई जोडी २०,००,००० (बीस लाख) बीउ बराबर हुन आउने प्याकेटको संख्यालाई एक भाँडो मानी नमूना लिन सकिन्छ ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

अनुसूची -३

(दफा ३ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

## संदिग्ध बीउ बिजन नमूना लिएको सूचना

............. सरकार

....................... कार्यालय,

विषयः संदिग्ध बीउ बिजनको नमूना लिएको बारे ।

श्री (बीउ बिजन धनीको नाम) ..................................

मैले तपाईंको बीउ बिजन पसल / भण्डारबाट तलका साक्षीहरूको रोहवरमा बीउ बिजनको नमूना लिई बीउ बिजन परीक्षण प्रयोगशालामा विश्लेषणको लागि पठाउन लागेको ब्यहोरा यस पत्रबाट सूचित गर्दछु ।

बीउ बिजन निरीक्षकको

दस्तखत :- ....................

नाम :- ........................

मिति :- .......................

साक्षीहरूः

| नाम | ठेगाना | दस्तखत |
| --- | --- | --- |
| १. | | |
| २. | | |

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव

डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

अनुसूची -४

(दफा ४ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

प्रयोगशालामा परीक्षणका लागि नमूना पठाउँदा दिने निवेदन

श्री बीउ बिजन विश्लेषकज्यू,

..................................................................प्रयोगशाला

...............................................

**विषय :- बीउ परीक्षणका लागि बीउ बिजनको नमूना पठाईएको बारे ।**

यस पत्रसाथ निम्न विवरण अनुसारको ...... वटा बीउ बिजनको नमूना पठाईएको छ । उक्त नमूनाहरू तोकिएको विधि अनुसार विश्लेषण गरी यथासक्य छिटो नतिजा उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

नमूनाको विवरण :-

क. नमूनाको क्रम संख्या :-

ख. नमूना लिएको ठाउँ र मिति :-

ग. विश्लेषणको लागि पठाईएको बीउको अवस्था र किसिम :-

घ. नमूना विवरण फारम

बीउ बिजन निरीक्षकको

दस्तखत :- ....................

नाम :- .........................

मिति :-..........................

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

## अनुसूची - ५

(दफा ४ को उपदफा (१) खण्ड (क) सँग सम्बन्धित)

### बीउ बिजनको नमूना सङ्कलन विवरण फाराम

| |
|---|
| प्रयोगशाला परीक्षण नं. :- ........... |
| नमूना प्राप्त मिति :- ................. |
| कैफियत :- |
| ............................................... |
| (प्रयोगशालाले मात्र भर्ने) |

बीउको प्रकार :- ....................

बाली :- ....................

जात :- ....................

सिफारिस क्षेत्र :- .......................................

बीउको स्तर (√ चिन्ह लगाउने)

(क) प्रमाणिकरण गरिएको बीउ बिजन र स्तर

[ ] प्रजनन् बीउ [ ] मूल बीउ, [ ] प्रमाणित बीउ, [ ] उन्नत बीउ [ ] हाईब्रिड [ ] अन्य (कुनै भए जनाउने) :-......

(ख) सङ्केतपत्र लगाइएको बीउ बिजन र स्तर

[ ] प्रजनन् बीउ [ ] स्रोत बीउ, [ ] उन्नत बीउ [ ] हाईब्रिड [ ] अन्य (कुनै भए जनाउने) :- ........................

परीक्षणको किसिम (√ चिन्ह लगाउने)

[ ] शुद्धता, [ ] उमारशक्ति, [ ] चिस्यान, [ ] स्वास्थ्य, [ ] अन्य बालीको बीउको संख्या निर्धारण, [ ] १००० दानाको तौल, [ ] अन्य (कुनै भए जनाउने) ..................

यदि बीउ विश्लेषण अत्यन्त जरुरी भए कारण सहित उल्लेख गर्ने :- .....................

बीउको लट नं. वा संकेत :- .............

बीउको लटको परिमाण :- ................. (के.जी.)

लटमा बोरा वा अन्य भाँडाको संख्या :- ........... भाँडोको क्षमता :

प्राथमिक नमूनाहरूको संख्या :- ......................

बीउ उपचारित भए

विषादिको नाम :- ........................................... मात्रा :- ............... ग्राम प्रति के.जी. बीउ

उत्पादन वर्ष :- ................ नमूना लिएको मिति :- ........... नमूना लिएको स्थान :- .............

बीउ बिजन बिक्रेता÷संस्थाको नाम :- ................................... ठेगाना :- ............................

नमूना लिने वा पठाउनेको नाम र पद :- .......................................... हस्ताक्षर :- .................

नमूना लिने वा पठाउनेको कार्यालय र ठेगाना :- ..................................................................

कैफियतः (यदि केही भएमा उल्लेख गर्ने) :- ......................................................................

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव

डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

अनुसूची -६

(दफा ४ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

## बीउ बिजन बिक्री वितरण गर्न रोक लगाइएको जानकारी

.................... सरकार

....................मन्त्रालय

......................कार्यालय,......................

श्री ............................ (बीउ धनी),

..................................................

उपरोक्त सम्बन्धमा तपाई कहाँ भएको ...........बालीको ................. जातको बीउ लट नं. ........... बाट नमूना सङ्कलन गरी .........के.जी./ ग्राम संदिग्ध बीउको नमूना परीक्षण गर्न केन्द्रिय/ बीउ बिजन परीक्षण प्रयोगशाला, ....................... मा पठाईएकोले परीक्षणको नतिजा प्राप्त नहुँदासम्म तपाईको बीउ बिजन भण्डार तथा पसलमा तपसिलमा उल्लिखित साक्षीको रोहवरमा सिलबन्दी गरी बिक्री वितरण गर्न रोक लगाइएको छ ।

बीउ बिजन निरीक्षक

दस्तखत :- ....................

नाम :- ..........................

ठेगाना :- .......................

मिति :- ...........................

साक्षीहरू:

| क.सं. | नाम | ठेगाना | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव

डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
नेपाल सरकार
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

## अनुसूची - ७

(दफा ५ को उपदफा (७) सँग सम्बन्धित)

### नमूना लिने साधनहरू र तिनको विशेषता

**१. स्याम्पलिङ्ग स्टिक :** (१) स्याम्पलिङ्ग स्टिकमा दुईवटा खोक्रो ट्युब हुन्छन् । भित्रको खोक्रो ट्युब बाहिरको ट्युबसँग हल्का रूपमा टाँसिएको हुन्छ र दुइवटा ट्युबको बीचमा बीउ वा अन्य अवान्छित पदार्थ छिर्न नसक्ने किसिमबाट बनाइएको हुन्छ ।

(२) स्याम्पलिङ्ग स्टिकको भित्री खोक्रो ट्युबको ब्यासको नाप कम्तिमा २५ मिलिमिटर हुनुपर्छ ।

(३) बाहिरी ट्युबको एकातिर अत्यन्त तिखो चुच्चो हुन्छ भने अर्कोतिर भित्री ट्युबलाई घुमाउन मिल्ने ह्यान्डल हुन्छ ।

(४) दुबै ट्युबमा खण्डित प्वालहरू हुन्छन्, जुन प्वालहरू ह्यान्डल घुमाएर बन्द वा खोल्न सकिन्छ ।

**१. नोब ट्रायर वा डायनामिक स्पियर :** (१) यी ट्रायर विभिन्न आकार र लम्बाईका हुन्छन् ।

(२) यस किसिमको ट्रायरमा खोक्रो र भित्री भाग चिप्लो तथा चिल्लो भएको एउटा मात्र ट्युब हुन्छ जसको एकापट्टि बीउ छिर्ने लामो प्वाल हुन्छ ।

(३) खोक्रो ट्युबमा एकातिर तिखो चुच्चो हुन्छ भने अर्कोतिर ह्यान्डल हुन्छ ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

# अनुसूची - ८

(दफा ९ को उपदफा (५) तथा दफा ११ सँग सम्बन्धित)

## विभिन्न बालीहरूको लागि निर्धारित नमूनाको तौल

| क.सं. | बाली | अंग्रेजी नाम | बालीको वैज्ञानिक नाम | लटको अधिकतम् तौल (के.जी.) | परीक्षणार्थ पठाइने नमूनाको न्यूनतम तौल (ग्राम) | कार्य नमूनाको न्यूनतम तौल (ग्राम) |
|---|---|---|---|---|---|---|
| (क) खाद्यान्न बाली | | | | | | |
| १ | धान | Paddy/ Rice | *Oryza sativa* L. | ३०००० | ७०० | ७० |
| २ | मकै | Maize | *Zea mays* L. | ४०००० | १००० | ९०० |
| ३ | गहुँ | Wheat | *Triticum aestivum* L. | ३०००० | १००० | १२० |
| ४ | कोदो | Millet | *Eleusine coracana (L.) Gaertn.* | १०००० | ६० | ६ |
| ५ | जौ | Barley | *Hordeum vulgare* L. | २०००० | १००० | १२० |
| ६ | मिठे फापर | Buckwheat | *Fagopyrum esculentum* Moench | १०००० | ६०० | ६० |
| ७ | तिते फापर | Buckwheat | *Fagopyrum tataricum* | १०००० | ६०० | ६० |
| (ख) दलहन बाली | | | | | | |
| १ | भटमास | Soybean | *Glycine max (L.) Merr.* | ३०००० | १००० | ५०० |
| २ | मुसुरो | Lentil | *Lens culinaris* Medik. | ३०००० | ६०० | ६० |
| ३ | चना | Chick Pea | *Cicer arietinum* L. | २०००० | १००० | १००० |
| ४ | बोडी | Cowpea | *Vigna unguiculata* (L.) Walp. | २०००० | १००० | ४०० |
| ५ | रहर | Pigeonpea | *Cajanus cajan* (L.) Millsp. | २०००० | १००० | ३०० |
| ६ | मास | Black Gram | *Vigna mungo (L.) Hepper* | २०००० | १००० | ७०० |

प्रसाद प्रसाई

सचिव
प्रसाद मिश्र

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

| क्र.सं. | बाली | अंग्रेजी नाम | बालीको वैज्ञानिक नाम | लटको अधिकतम् तौल (के.जी.) | परीक्षणार्थ पठाइने नमूनाको न्यूनतम तौल (ग्राम) | कार्य नमूनाको न्यूनतम तौल (ग्राम) |
|---|---|---|---|---|---|---|
| ७ | मुङ् | Green Gram | *Phaseolus aureus* | २०००० | १००० | १२० |
| **(ग) तेलहन बाली** | | | | | | |
| १ | बदाम | Groundnut | *Arachis hypogaea* L. | ३०००० | १००० | १००० |
| २ | तोरी/ सस्युँ/रायो | Mustard and Rape | *Brassica* spp. | १०००० | ७०/४० | ७/४ |
| ३ | तील | Sesame seed | *Sesamum indicum* L. | १०००० | ७० | ७ |
| ४ | झुसेतील | Niger | *Guizotia abyssinica* | १०००० | १५० | १५ |
| ५ | कुसुम (स्याफ फलावर) | Safflower seed | *Carthamus tinctorius* L. | २५००० | ९०० | ९० |
| ६ | सूर्यमुखी | Sunflower seed | *Helianthus annuus* L. | २०००० | १००० | २०० |
| ७ | आलस | Linseed | *Linum usitatissimum* L. | १०००० | १५० | १५ |
| **(घ) औधोगिक बाली** | | | | | | |
| १ | सूर्ती | Tobacco | *Nicotiana tabacum* L. | १०००० | ५ | ०.५ |
| २ | कपास | Cotton | *Gossypium* spp. | २५००० | १००० | ३५० |
| ३ | जुट | Jute | *Corchorus* spp. | १०००० | १५० | १५ |
| **(ङ) तरकारी बाली** | | | | | | |
| १ | आलु | Potato | *Solanum tuberosum L.* | १०००० | २५ | १० |
| २ | काउली | Cauliflower | *Brassica oleracca* var. *botrytis* | १००० | १०० | १० |
| ३ | बन्दागोवी | Cabbage | *Brassica oleracca* var. *capitata* | १०००० | १०० | १० |
| ४ | ग्याँठगोवी | Knol Knol | *Brassica oleracea* L. var *gangylodes* | १०००० | १०० | १० |
| ५ | ब्रोकाउली | Broccoli | *Brassica oleracea* L. | १०००० | १०० | १० |

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
समिति

सचिव
प्रसाद मिश्र

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

| क्र.सं. | बाली | अंग्रेजी नाम | बालीको वैज्ञानिक नाम | लटको अधिकतम् तौल (के.जी.) | परीक्षणार्थ पठाइने नमूनाको न्यूनतम तौल (ग्राम) | कार्य नमूनाको न्यूनतम तौल (ग्राम) |
|---|---|---|---|---|---|---|
| ६ | मुला | Radish | *Raphanus sativus* L. | १०००० | ३०० | ३० |
| ७ | सलगम | Turnip | *Brassica rapa* L. | १०००० | ३०० | ३० |
| ८ | रायोसाग | Broad Leaved Mustard | *Brassica juncea* | १०००० | ७० | ७ |
| ९ | प्याज | Onion | *Allium cepa* L. | १०००० | १६० | १६ |
| १० | गोलभेडा | Tomato | *Lycopersicon esculentum* Mill. | १०००० | ८० | ८ |
| ११ | गाजर | Carrot | *Daucus carota* L. | १०००० | १५० | १७ |
| १२ | तनेबोडी | Asparagus bean | *Vigna unguiculata subsp. sesquipedalis* | ३०००० | १००० | ४०० |
| १३ | घिउसिमी | Hyacinth bean | *Phaseolus vulgaris L.* | ३०००० | १००० | ७०० |
| १४ | केराउ | Pea | *Pisum sativum* L. *s.l.* | २५००० | १००० | ९०० |
| १५ | खुर्सानी/ भेडे खुर्सानी | Chilli/ Hot-pepper | *Capsicum spp.* | १०००० | १५० | १५ |
| १६ | भण्टा | Egg Plant | *Solanum melongena* L. | १०००० | १५० | १५ |
| १७ | घिरौंला | Sponge Gourd | *Luffa acutangula* (L.) Roxb. | २०००० | १००० | ४०० |
| १८ | काँक्रो | Cucumber | *Cucumis sativus* L. | १०००० | १५० | ७० |
| १९ | फर्सी | Pumpkin | *Cucurbita pepo* L. | २०००० | १००० | ७०० |
| २० | स्वासफर्सी | Squash | Cucurbita maxima | २०००० | १००० | ७०० |
| २१ | स्वीसचार्ड | Swisschard | *Beta vulgaris* L. (all varieties) | २०००० | ५०० | ५० |
| २२ | तीतेकरेला | Bitter Gourd | *Momordica charantia* | २०००० | १००० | ४५० |
| २३ | रामतोरीया | Okra | *Abelmoschus esculentus* (L.) Moench | २०००० | १००० | १४० |

...प्रसाई

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र

बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र
नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हरिहरभवन, ललितपुर

| क्र.सं. | बाली | अंग्रेजी नाम | बालीको वैज्ञानिक नाम | लटको अधिकतम् तौल (के.जी.) | परीक्षणार्थ पठाइने नमूनाको न्यूनतम तौल (ग्राम) | कार्य नमूनाको न्यूनतम तौल (ग्राम) |
|---|---|---|---|---|---|---|
| २४ | पालुङ्गो | Spinach | *Spinacia oleracea* L. | १0000 | २५0 | २५ |
| २५ | तर्बुजा | Water Melon | *Citrullus lanatus* (Thunb.) Matsum. & Nakai | २0000 | १000 | २५0 |
| २६ | लौका | Bottle Gourd | *Lagenaria siceraria* | २0000 | ७00 | ७0 |
| २७ | पाटेघिरौंला | Ridge Gourd | *Luffa acutangula* | २0000 | १000 | ४00 |
| २८ | धनियाँ | Corriander | *Coriandrum sativum* | १0000 | ५00 | ५0 |
| २९ | कुरिलो | Asparagus | *Asparagus officinalis* | २0000 | १000 | १00 |
| ३0 | पार्सले | Parsley | *Petroselinum crispum* | १0000 | ४0 | ४ |
| ३१ | पाकचोय | Pakchoya | | | | |
| ३२ | जिरीको साग | Lettuce | *Lactuca sativa* L. | १0000 | ३0 | ३ |
| ३३ | चुकन्दर | Chukander | *Ipomea batatas* (L.) | २0000 | ५00 | ५0 |
| ३४ | चाईनिज बन्दा | Chinese Cabbage | *B.pekinensis/ B.chinensis* | | | |
| ३५ | बकुल्ला | Broad Bean | *Vicia faba* L. | २५00 | १000 | ७00 |
| ३६ | झाँगेसिमी | Pole Bean | *Phaseolus vulgaris* L. | ३0000 | १000 | ७00 |
| (च) घाँसे बाली | | | | | | |
| १ | जै | Oat | *Avena sativa* L. and *A. sterilis* L. var culta | २0000 | १000 | १२0 |
| २ | क्लोभर | Clover | *Trifolium repens* | १0000 | २५ | २ |

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
... समिति

डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

| क्र.सं. | बाली | अंग्रेजी नाम | बालीको वैज्ञानिक नाम | लटको अधिकतम् तौल (के.जी.) | परीक्षणार्थ पठाइने नमूनाको न्यूनतम तौल (ग्राम) | कार्य नमूनाको न्यूनतम तौल (ग्राम) |
|---|---|---|---|---|---|---|
| ३ | कोउच घाँस | Couch grass | *Agropyron* spp. | १०००० | ६० | ६ |
| ४ | सिलिण्डर घाँस | Slender foxtail/Black grass | *Alopecurus pratensis* L. | १०००० | ३० | ३ |
| ५ | बेन्ट घाँस | Bent grass | *Agrostis* spp. | १०००० | १० (५) | १(०.२५) |
| ६ | अम्रिसो<br>कास्नी<br>राई घाँस<br>फर्चा घाँस | Brome/Amriso | *Bromus* spp. | १०००० | २०० | २० |
| ७ | जंगली जै | Wild oat | *Avena* spp. | ३०००० | १००० | १२० |
| ८ | कास्नी | Kasni | *Cichorium intybus* L. | १०००० | ५० | ५ |
| ९ | राई घाँस | Rye grass | *Lolium* spp. | १०००० | ६० | ६ |
| १० | फर्चा घाँस | Phurcha grass | *Elymus* spp. | १०००० | ८० | ८ |
| ११ | बर्सिम | Berseem | *Trifolium alexandrinum* L. | १०००० | ६० | ६ |
| १२ | भेच | Vetch | *Vicia sativa* L. | ३०००० | १००० | १४० |
| १३ | दिनानाथ घाँस | Dinanath grass | *Pennisetum clandestinum* Hochst. ex Chiov. | १०००० | ७० | ७ |
| १४ | सुडान घाँस | Sudan grass | *Sorghum sudanense* (Piper) Stapf | १०००० | २५० | २५ |
| १५ | शाफ्टल | Shaftal | *Trifolium resupinatum* L. | १०००० | २० | २ |

प्रसाद प्रसाई
सचिव

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

| क्र.सं. | बाली | अंग्रेजी नाम | बालीको वैज्ञानिक नाम | लटको अधिकतम् तौल (के.जी.) | परीक्षणार्थ पठाइने नमूनाको न्यूनतम तौल (ग्राम) | कार्य नमूनाको न्यूनतम तौल (ग्राम) |
|---|---|---|---|---|---|---|
| १६ | दुबो | Doob/Dubo | *Cynodon dactylon* (L.) Pers. | १०००० | १० | १ |
| १७ | सेटारिया घाँस | Nandi grass/Pigeon grass/Setaria ghans | *Setaria spp.* | १०००० | ९० | ९ |
| १८ | लालचरी | Lal chari/Lekali banso | *Poa pratensis* L. | १०००० | ५ | १ |
| १९ | रोड्स घाँस | Rhodos ghans | *Chloris gayana* Kunth | १०००० | १० | १ |
| २० | गुवार | Cluster bean/Guar | *Cyamopsis tetragonoloba* (L.) Taub. | २०००० | १००० | १०० |
| २१ | बफेल घाँस | Buffel grass | *Cenchrus ciliaris* L. (fascicles) | १०००० | ६० | ६ |
| २२ | एमपी चरी | M P chari | *Digitaria spp.* | १०००० | १२ | १.२ |
| २३ | स्टाईलो | Stylo | *Stylosanthes* spp, | १००० | ७० | ७ |
| २४ | ल्यावल्याव बीन | Lab lab bean | *Lablab purpureus* (L.) Sweet | २०००० | १००० | ६०० |
| २५ | कोक्सफुट | Cock's foot | *Dactylis glomerata* L. | १०००० | ३० | ३ |
| २६ | डेस्मोडियम | Desmodium | *Desmodium intortum* (Mill.) Urb. | १०००० | ४० | ४ |
| २७ | जोहन्सन घाँस | Johnson grass | *Sorghum halepense* (L.) Pers. | १०००० | ९० | ९ |
| २८ | धराफ घाँस | Dharaf grass | *Andropogen* spp. | १०००० | १०० | १० |

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
बीउ बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

| क्र.सं. | बाली | अंग्रेजी नाम | बालीको वैज्ञानिक नाम | लटको अधिकतम् तौल (के.जी.) | परीक्षणार्थ पठाइने नमूनाको न्यूनतम तौल (ग्राम) | कार्य नमूनाको न्यूनतम तौल (ग्राम) |
|---|---|---|---|---|---|---|
| २९ | जुनेलो घाँस | Junelo ghans/Jowar | *Sorghum bicolor* (L.) Moench | ३०००० | ९०० | ९० |
| ३० | गुइनिया | Gunea grass | *Megathyrsus maximus L.* | १०००० | २० | २ |
| ३१ | लुसर्न | Lucern | *Medicago sativa* L. | १०००० | ५० | ५ |
| ३२ | नेपियर | Napier grass/Elephant grass | *Pennistum* spp. | १०००० | १५० | १५ |
| ३३ | मार्भेल घाँस | Marvel grass | *Dichanthium aristatum* (Poir.) C.E. Hubb. | १०००० | ३० | ३ |
| ३४ | ईण्डियन क्लोभर | Indian clover | *Melilotus* spp. | १०००० | ५० | ५ |
| ३५ | ब्ल्यु पेनिक | Blue panic | *Panicum antidotale* Retz. | १०००० | २० | २ |
| ३६ | सिकेल | Secale | *Secale cereale L.* | ३०००० | १००० | १२० |
| ३७ | लुपिन | Lupin | *Lupins albus* L. | ३०००० | १००० | ४५० |

नोट :- अन्य स्पेसिज गणनाको लागि कार्य नमूनाको तौल (ग्राम) पनि परीक्षणार्थ पठाइने नमूनाको तौल बराबर हुनेछ ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव

डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति